

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



वर्ष २५ | अङ्क ४५ | श्रेणी क्षेत्रीय 'क' | २०८० फागुन १६ गते बुधबार | 28 Feb. 2024 | पृष्ठ ४ | मूल्य रू. ५।-


# पोखरामा मनाइँयो ४२ औं मगर एकता दिवस

## मौलिक कला संस्कृतिदेखि भाषा, भेषभुषा पुस्तान्तरण हुनुपर्छः मेयर आचार्य

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन



पोखरामा मगर समुदायले ४२ औं मगर एकता दिवस मनाएका छन् । नेपाल मगर संघको स्थापना दिवस फागुन १५ लाई मगर समुदायले एकता दिवसको रुपमा मनाउँदै आएका छन् ।

नेपाल मगर संघ कास्कीको आयोजनामा पोखराको मानवअधिकार चोकबाट सुरु भएको झाँकी र्‍यालीसहित महेन्द्रपुल, नयाँबजार, लखनचोक हुँदै सभागृहमा आएर औपचारिक कार्यक्रममा सुरु भएको थियो ।

नेपाल मगर संघको स्थापना दिवसको अवसरमा पोखरामा आयोजित ४२ औं मगर एकता दिवसको उद्घाटन पछि बोल्दै पोखरा महानगरपालिका मेयर धनराज आचार्यले मगर समुदायको मौलिक कला, संस्कृतिदेखि भाषा भेषभुषा पुस्तान्तरण हुन आवश्यक रहेको बताए । कुनै पनि समुदायको कला, संस्कृति, भाषा र भेषभुषाको संरक्षण गर्न नसके समाज परिवर्तन हुन नसक्ने मेयर आचार्यले बताए । 'समाज परिवर्तनका लागि कला, संस्कृति, भाषा र भेषभुषाको संरक्षण आवश्यक छ', मेयर आचार्यले भने, 'मगर भाषा अहिले पुस्तारण हुन सकेको छैन, मगर समुदायको भाषा संरक्षणको लागि कुनै पनि प्रस्ताव लिएर महानगर आउनुहोला हामी सहयोग गर्न तयार छौं ।' उनले समाज समृद्धिका लागि भौतिक विकाससँगै समुदायको संरक्षणपनि त्यति नै आवश्यक रहेको बताए । 'हामीले विकास भनेको ठुलाठुला भवन, बाटोलाई सम्झिन्छौं, विकास भनेको भौतिक पूर्वाधार मात्र होइन', उनले भने, 'विकास भनेको समाज समृद्ध हुनका लागि मान्छे जन्मदेखि मृत्यु हुँदा सम्मका संस्कार संस्कृतिको संरक्षण र पुस्तान्तरण गर्नु पनि त्यो दिगो विकास हो ।' उनले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने बताउँदै सबै जातजातिले आफ्नो कला, संस्कृति, भाषा, भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्न समेत आवश्यक रहेको बताए । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख बासुदेव घिमिरेले समुदायको कला,संस्कृति, भेषभुषा पुस्तान्तरण नहुनु मुख्य समस्या भएको बताए । 'कुनै पनि समुदायको कला, संस्कृति, भेषभुषा, भाषा लोप हुँदै गएको छ, यसको संरक्षणको दायित्व हामी सबैको हो', घिमिरेले भने, 'परिवर्तनसँगै इतिहासलाई विर्सन हुँदैन, बढ्दो आधुनिकतासँगै कला, संस्कृति, भाषा, भेषभुषा पुस्तान्तरण हुन पर्छ ।'

वि.स. २०३९ साल फागुन १५ गते स्व. हेमबहादुर पुनको अध्यक्षतामा तनहुँमा नेपाल लाङ्गाली परिवार सङ्घको अधिवेशनलाई आधार मानी मगर समुदायले हरेक वर्ष फागुन १५ गते मगर सङ्घ र सम्बन्धित सङ्घसंस्थाले एकता दिवसका रुपमा मनाउँदै आएका छन् ।

नेपाल मगर संघ कास्कीको आयोजनामा पोखरामा सम्पन्न भएको ४२ औं मगर एकता दिवसमा निकालिएको झाँकी र्‍यालीमा नेपाल मगर संघ रामबजार इकाई प्रथम, चाउथे कमलमार्ग इकाई समिति द्वितीय, माटेपानी इकाई समिति तृतीय र अर्घौं, ढुङ्गेपाटन र सैनिक बस्ती इकाई समिति सान्त्वना भए । झाँकी र्‍यालीमा प्रथम, द्वितीय र तृतीय भएका इकाई समितिले क्रमशः १०, ७ र ५ हजार र सान्त्वना भएका इकाई समितिले क्रमशः २/२ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय उपमहासचिव खेमबहादुर पुनमगर, नेपाल आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशका महासचिव सुजन लामा, नेपाली कांग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाट, नेकपा एमाले कास्कीका सचिव बैनबहादुर क्षेत्री, नेपाल मगर महिला संघका केन्द्रीय भाषिक उपाध्यक्ष फुलकुमारी थापामगर र नेपालमगर संघ गण्डकी प्रदेशका उपाध्यक्ष पवित्र थापामगर लगायतले ४२ औं मगर एकता दिवसको अवसरमा शुभकामना मन्तव्य राखे । कार्यक्रममा नेपाल मगर संघ कास्कीका अध्यक्ष रामबहादुर थापामगरका अध्यक्षता, उपाध्यक्ष चन्द्रबहादुर पुर्जामगरको स्वागत र सचिव लालबहादुर रानामगरको सञ्चालनमा सम्पन्न भएको थियो ।

# नागरिक सेवामा प्रहरी दत्तचित्त हुनुपर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नागरिक केन्द्रित सेवा प्रवाहमा प्रहरी दत्तचित्त हुनुपर्ने बताउनुभएको छ ।

गण्डकी प्रदेश प्रहरी कार्यालयको निरीक्षणपछि उहाँले प्रदेशको शान्ति सुरक्षालाई थप मजबुत र विश्वसनीय बनाउन निर्देशन दिनुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "शान्ति सुरक्षालाई थप मजबुत र विश्वसनीय बनाई जनमैत्री र नागरिक केन्द्रित प्रहरी सेवा प्रदान गर्नु आवश्यक छ ।"

निरीक्षणको क्रममा मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश प्रहरी कार्यालयअन्तर्गत रहेका विभिन्न शाखा, मातहतका सम्पूर्ण प्रहरी कार्यालयको भौतिक संरचना, जनशक्ति व्यवस्थापन तथा प्रहरी गतिविधिबारे जानकारी लिनुभएको थियो । गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक विकासराज खनालले प्रदेश सरकारको साथ र सहयोगबाट आगामी दिनमा प्रहरी थप व्यावसायिक भएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश श्रीमललगायतले गण्डकी प्रदेशको शान्ति सुरक्षाको स्थितिबारे जानकारी दिनुभएको थियो । त्यस अवसरमा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेत, मुख्यमन्त्री कार्यालयका सचिव तीर्थराज भट्टराईको उपस्थिति थियो ।

# पोखरा वडा १२ मा हस्तकला तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन



पोखरा महानगरपालिका वडा नं. १२ को आयोजना तथा विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रको सहकार्यमा महिलाहरूका लागि एक महिने हस्तकला तालिम सुरु गरिएको छ ।

हस्तकला तालिमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं. १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले महिला दिदीबहिनीलाई सिप सिक्ने अवसरका निम्ति वडा कार्यालयले गरेको लगानी बालुवामा हालेको पानी जस्तो खेर नजाओस् भन्ने आग्रह गर्दै दत्तचित्त भई नियमित हाजिरी गरी सिप सिक्न आग्रह गरे । विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालक तथा मुख्य प्रशिक्षक सविता श्रेष्ठले यसै बितेर जाने समयमा सिप सिकेर आत्मनिर्भर हुने, आयआर्जन गर्ने, स्वरोजगार हुने मौकालाई सदुपयोग गरेर उद्यमशील बन्ने बाटो समाउनु नै सिप हस्तान्तरणको मर्म भएको बताइन । दक्षतामा आधारित तालिम लिएपछि स्वरोजगार भइ उत्पादन गरेका हस्तकलाका सामग्रीको बजारीकरण गर्ने जिम्मा विधाताले लिने प्रतिवद्धता व्यक्त गरिन । वडा सदस्य गोविन्दबहादुर सिग्देल, शान्तबहादुर थापा, वडा सचिव महेश्वर अर्याल, लेखा संयोजक विवेचन घिमिरे लगायतका वक्ताले प्रशिक्षार्थीलाई लगनशील भई तालिममा सहभागिता जनाउन शुभकामना दिएका थिए । वडा सदस्य एवम् तालिम संयोजक शान्ति कोइरालाको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा वडा सदस्य गुमा परियारले स्वागत मन्तव्य राखेकी थिइन ।

# रवीन्द्र अधिकारीको छैटौं स्मृति दिवस

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

ताप्लेजुङमा पाँच वर्ष अगाडि भएको हेलिकोप्टर दुर्घटनामा ज्यान गुमाएका तत्कालिन संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्री रवीन्द्र अधिकारीको छैटौं स्मृति दिवस मंगलबार सम्पन्न भएको छ ।

पोखरा महानगरपालिका–१८ मेथ्लाङ्मा रहेको राष्ट्रिय विभूति तथा शहीद पार्कमा राखिएको रवीन्द्र अधिकारीको शालिकमा माल्यार्पण गरिएको छ । गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले रवीन्द्रको शालिकमा माल्यार्पण गरे । प्रतिनिधिसभा सदस्य दामोदर पौडेल 'बैरागी', गण्डकी प्रदेश सभा सदस्य देवका पहारी, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, रवीन्द्र अधिकारीको परिवारका सदस्यसँगै शुभेच्छुक र नेकपा एमालेका नेता कार्यकर्ता भेला भएर शालिकमा पुष्पगुच्छा चढाए । गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले देशले बहुआयामिक नेतृत्वलाई गुमाएको उल्लेख गरे । 'साने उमेरमा समग्र राष्ट्रिय राजनीतिमा उहाँको अतुलनीय योगदान थियो । त्यत्रो ठूलो योगदान गर्नुभएको व्यक्तित्वको हामीलाई हरेक पाइलामा अभाव खड्किरहेको छ', उनले भने । कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने रवीन्द्र शैली र स्वभावको चर्चा गरिसाध्य नहुने उनको भनाइ छ । 'शब्दबाट मुल्यांकन गर्न सकिने सीमाभित्र उहाँ हुनुहुन्न । उहाँका परिकल्पना, सोँच, दृष्टिकोणहरु अत्यन्तै परिपक्व र मार्गदर्शक थिए', नेकपा एमालेका स्थायी कमिटी सदस्यसमेत रहेका अधिकारीले भने, 'तिनैको आधारमा हामी अत्यन्तै उचाइका साथ निरन्तर पछ्याइरहने प्रण र संकल्प गर्न चाहन्छौं ।' पोखरा विमानस्थल निर्माणमा रवीन्द्रले खेलेको भूमिकाको पनि खगराजले स्मरण गरे । रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानकी अध्यक्ष प्रतिनिधि सभा सदस्य विद्या भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष कृष्ण थापा, महासचिव पोखराका मेयर धनराज आचार्य, सल्लाहकार प्राध्यापक डा. भरतराज पहारी लगायतले बोलेका थिए । उनीहरुले रवीन्द्रको आदर्शलाई पछ्याउँदै युवाहरु राजनीतिमा आउनुपर्नेमा जोड दिए । राजनीतिमा आदर्शको आवश्यकता रहेको औंल्याए ।

रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले मंगलबार दिउँसो जन्मथलो पोखरा–३३ भरतपोखरी गैरागाउँमा स्मृति सभा गर्दैछ । साँझपख पोखराको मालेपाटनमा निर्माण गरिएको रवीन्द्र वाटिकामा दीप प्रज्वलन गर्ने कार्यक्रम रहेको छ । तेह्रथुमको आठराइ चुहानडाँडास्थित थुम्कीडाँडामा बन्ने भनिएको विमानस्थलको अवलोकनका लागि पुगेका रवीन्द्रले पाथीभराको दर्शन गरेर फर्कने क्रममा ताप्लेजुङको फुङलिङ नगरपालिका–१० सिस्ने खोलामा हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका थिए । केपी शर्मा ओली नेतृत्वको सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बनेका अधिकारीको २०७५ फागुन १५ गते बुधबार हेलिकप्टर दुर्घटनामा निधन भएको हो ।


**वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू**

वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,
- स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु ।

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा कप क्रिकेट: प्रतिभा र अमरसिंह उपाधि दाबेदार

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

एक्सपर्ट एजुकेशन पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको उपाधिका भिडन्तमा प्रतिभा माध्यमिक विद्यालय र अमर सिंह माध्यमिक विद्यालय भिड्ने भएका छन् ।

मंगलबार भएको सेमिफाइनल खेलमा जित हासिल गर्दै प्रतिभा र अमरसिंहले फाइनल यात्रा सुरक्षित गरेका हुन् । बि-बग ईभेन्टसको आयोजना र एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिस पोखराको प्रायोजनमा पोखरा रंगशालाको क्रिकेट मैदानमा जारी प्रतियोगिताको उपाधिका लागि बुधबार फाइनल खेल हुनेछ । सेमिफाइनलमा प्रतिभाले मदरल्यान्ड माविलाई र अमरसिंहले गण्डकी बोर्डिङ स्कुललाई पराजित गरेको हो । फाइनल खेल बुधबार विहान १० बजेदेखि सुरु हुनेछ । पहिलो सेमिफाइलनमा मदरल्यान्डलाई प्रतिभाले ६ विकेटले पराजित गऱ्यो । मदरल्यान्डले दिएको ८२ रनको लक्ष्य पछ्याएको प्रतिभाले ५२ बल अगावै ४ विकेट गुमाएर पुरा गऱ्यो । प्रतिभाका लागि



निश्चल श्रेष्ठले सर्वाधिक २० रन बनाए । बब्लु शाह र रोशन पौडेलले १३/१३, राहुल शर्माले ३ रनको योगदान दिँदा रोहन चन ६ रनमा अविजित रहे । बलिङमा मदरल्यान्डका कप्तान किरण पौडेल, सन्दीप विक, दर्शन सुवेदी र रुनिजमणि बरालले १/१ विकेट लिए। प्रतिभाविरुद्ध पहिला ब्याटिङ गरेको मदरल्यान्डले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ८१ रन बनाएको थियो । मदरल्यान्डका लागि कप्तान किरण पौडेलले सर्वाधिक ३६ रन जोडे । साजन श्रेष्ठले १० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । बलिङतर्फ प्रतिभाका कुशल अधिकारीले ३, स्वागत अधिकारीले २ र सन्देश गिरीले १ विकेट लिए । प्रतिभाका स्वागत अधिकारी प्लेयर अफ द म्याच घोषित भए । दोस्रो सेमिफाइनलमा अंमरसिंहले गण्डकी बोर्डिङलाई २१ रनले पराजित गरेको हो । अंमर सिंहले दिएको १३१ रनको विजयी लक्ष्य पछ्याएको गण्डकी बोर्डिङ १८ ओभरमा १०९ रनमा समेटियो । गण्डकीले ३१ रन एक्सट्रा पाएपनि जितका लागि पर्याप्त हुन सकेन । गण्डकीका उत्सव खड्काले सर्वाधिक १६ रन जोडेका थिए । बलिङमा अमरसिंहका सुमन पन्तले ३, प्रसन्न भण्डारी र कल्यान कुमालले २/२ विकेट लिए । यसअघि पहिला ब्याटिङ गरेको अमरसिंहले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १३० रन बनाएको थियो । अमरसिंहका विवश रानाभाटले अविजित २८ रनको योगदान दिए । कल्यान कुमालले २७, सुमन पन्त २३ रन बनाएर आउट भए । बलिङमा गण्डकी बोर्डिङका रजत पौडेलले ३, समिर पौडेल र भुमिराज पौडेलले २/२, सन्देश अधिकारी र उत्सव खड्काले १/१ विकेट लिए । अंमर सिंहका सुमन पन्त प्लेयर अफ द म्याच घोषित भए । प्रतियोगिताको उपाधि विजेताले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेतालाई ४० हजार रुपैयाँ बराबरको क्रिकेट किट प्रदान गरिने आयोजकले जनाएको छ । उत्कृष्ट बलर, ब्याटर तथा खेलाडीलाई पनि किट, ट्रफी तथा मेडल प्रदान गरिनेछ । उत्कृष्ट बलर र ब्याटरले जनही ५ हजार र उत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ पाउनेछन् । प्रतियोगितामा कास्कीका १२ विद्यालयले सहभागी थिए । छक्का आएको बल क्याच गर्ने दर्शकलाई समेत प्रत्येक क्याचको एक हजार रुपैयाँ प्रदान गर्दै आएको छ ।

# लायन्स समर्पणको कविता प्रतियोगितामा सचिन प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

लायन्स क्लब अफ पोखरा समर्पणद्वारा सामुदायिक विद्यालयस्तरीय कविता प्रतियोगिता मंगलबार सम्पन्न भएको छ । ५ कक्षादेखि ७ कक्षामा अध्ययनरत विद्यार्थीका बीच आयोजना गरेको कविता प्रतियोगितामा इन्द्रराज्यलक्ष्मी मा.वि.का सचिन पौडेल प्रथम भएका छन् ।

यसैगरी, प्रतियोगितामा चण्डिका प्रा.वि.का आशिका सुनारले द्वितीय, बालमन्दिर मा.वि.का आयुष्मा पोखेलले तृतीय र लिला आधारभूत विद्यालयका सुस्मिता बस्नेतले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका छन् । प्रतियोगितामा बालमन्दिर मा.वि.का अनुजा बराल र कन्या मा.वि.का रितिका शेर्पालीले प्रोत्साहन पुरस्कार प्राप्त गर्न सफल भएका छन् । प्रतियोगिताका विजेतालाई कार्यक्रमका प्रमुख अतिथि रिजन चियर पर्सन जगदीशप्रसाद अधिकारी, क्लबका अध्यक्ष शर्मिला श्रेष्ठ, सचिव अम्बु कर्माचार्य, कार्यक्रम संयोजक ध्रुव श्रेष्ठले नगद, प्रमाणपत्र र



आकर्षक पुरस्कारसहित पुरस्कृत गरे । प्रतियोगितामा महेन्द्र मा.वि., ज्ञानभूमि मा.वि., इन्द्रराज्य लक्ष्मी मा.वि., कन्या मा.वि., चण्डिका प्रा.वि., लिला आधारभूत विद्यालय र बालमन्दिर मा.वि.का २४ जना छात्रछात्राको सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि रिजन चियर पर्सन जगदीशप्रसाद अधिकारीले जसरी कक्षाकोठामा प्रत्येक शिक्षकका अध्यापनका तरिका फरक हुन्छन् विद्यार्थीको क्षमता र प्रतिभा पनि फरक हुने धारणा राखे । प्रतियोगिताका निर्णायक असफल गौतमले प्रतियोगितामा सहभागिता जनाउनु नै पहिलो सफलता भएको बताउँदै एउटा कविताका लागि निर्णायकले तय गरेका मापकका आधारमा विद्यार्थीमा अन्तरनिहित समग्र प्रतिभाको मूल्याङ्कन नहुने भएकाले निरन्तर अभ्यासमा रहन सुझाव दिए । ध्रुव श्रेष्ठ कार्यक्रम संयोजक रहेको प्रतियोगितामा असफल गौतम र डागर स्मृति प्रतिष्ठानका संस्थापक रमा पराशर निर्णायक रहेका थिए । लिला आधारभूत विद्यालयका शिक्षक लिलादत्त बरालले समाज सेवाका क्षेत्रमा क्रियाशील लायन्स क्लबले सामुदायिक विद्यालय केन्द्रित कविता प्रतियोगिता राखेर स्तुत्य कार्य गरेको बताए । क्लबका अध्यक्ष शर्मिला श्रेष्ठले क्लबले सामुदायिक विद्यालयस्तरीय धेरै कार्यक्रम गरे तापनि बालबालिकाको प्रतिभा प्रस्फुटनका लागि पहिलो पटक बालअधिकार विषयक कविता प्रतियोगिता राखिएको जानकारी दिइएन् ।

# रेडियो बाराहीका प्रबन्ध निर्देशक पौडेललाई मातृशोक

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

रेडियो बाराहीका प्रबन्ध निर्देशक रमेश पौडेललाई मातृशोक परेको छ ।

नेपाली कांग्रेस गण्डकी प्रदेश समिति सदस्य एवं नेपाल प्रेस युनियनका पूर्वकेन्द्रीय उपाध्यक्ष समेत रहेका पौडेलकी ममतामयी आमा इन्द्रकला पौडेलको सोमबारको मध्यरात १२:४४ बजे कुस्मा ९ कटुवा



चौपारी ज्ञादी स्थित आफ्नै निवासमा निधन भएको हो ।

उहाँका ५ छोराहरु (स्व. खगेन्द्र पौडेल, प्रेमनारायण पौडेल, जयशर्मा पौडेल, रमेश पौडेल र नेल्टा गण्डकी अध्यक्ष सहदेव पौडेल) र दुई छोरीहरु (सिता सापकोटा र विना अधिकारी) हुनुहुन्छ ।

स्वर्गीय आमा इन्द्रकला पौडेलको मंगलबार विहान ११ बजे पर्वतको कालिगण्डकी स्थित मोदीबेनी घाटमा अन्तिम संस्कार गरिने कार्यक्रम रहेको पारिवारिक श्रोतले बताएको छ ।

# वृद्धाश्रममै ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाभत्ता

**पोखरापत्र संवाददाता**
वालिङ, १५ फागुन

स्याङ्जाको गल्याङ-१ रामनदीधामस्थित वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई वृद्धाश्रममै सामाजिक सुरक्षाभत्ता वितरण गरिएको छ । शिवपार्वती वृद्धाश्रम तथा बहुउद्देश्यीय संस्थाले निर्माण गरेको वृद्धाश्रममा बस्दै आएका उनीहरूलाई आश्रममै सामाजिक सुरक्षा भत्ता दिन थालिएको हो ।

उक्त वृद्धाश्रममा २३ वृद्धवृद्धा बस्दै आएका छन् । झण्डै १५ किलोमिटर टाढाको गल्याङमा रहेको बैंकसम्म जानसक्ने अवस्था नभएका ज्येष्ठ नागरिकले आश्रममै सामाजिक सुरक्षा भत्ता पाउन थालेपछि खुसी भएका छन् । वृद्धाश्रममा स्याङ्जा, पाल्पा, पर्वत, गुल्मी, कास्कीलगायत जिल्लाका ज्येष्ठ नागरिक बस्दै आएका छन् । वृद्धाश्रममा बस्दै आउनुभएकी ९४ वर्षीया धनकुमारी मल्ल गल्याङस्थित बैंकमा जान सक्ने अवस्था छैन । मल्लजस्तै वृद्धाश्रममा बस्दै आएका अन्य वृद्धवृद्धाको अवस्था उस्तै हो । वृद्धाश्रममा बस्दै आएका ज्येष्ठ नागरिकलाई भत्ता बुझ्न जान आउन समस्या भएका कारण वृद्धाश्रम, गल्याङ नगरपालिका र गरिमा विकास बैंकको समन्वयमा वृद्धाश्रममै भत्ता उपलब्ध गराउन थालिएको शिवपार्वती वृद्धाश्रम तथा बहुउद्देश्यीय संस्थाका कार्यालय सचिव सुनिल श्रेष्ठले बताउनुभयो । हाल नौ जनालाई गरिमा विकास बैंकले वृद्धाश्रममै आएर भत्ता वितरण गर्दै आएको उहाँले बताउनुभयो । "यहाँ बस्नुभएका ज्येष्ठ नागरिकलाई बैंकसम्म लैजान ल्याउन समस्या छ", कार्यालय सचिव श्रेष्ठले भन्नुभयो, "ज्येष्ठ नागरिकको सहजतालाई ध्यान दिँदै वृद्धाश्रममै भत्ता दिने व्यवस्था मिलाइएको छ ।" वृद्धाश्रममा बस्दै आएकामध्ये केही ज्येष्ठ नागरिकको नागरिकतासमेत नभएकाले भत्ता उपलब्ध गराउन नसकिएको उहाँले बताउनुभयो । गरिमा विकास बैंक गल्याङका कर्मचारी वृद्धाश्रममै उपस्थित भई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको शाखा प्रमुख यज्ञ न्यौपानेले जानकारी दिनुभयो ।

वृद्धाश्रममा बस्दै आएका गल्याङ नगरपालिका-१ भन्दा बाहिरका ज्येष्ठ नागरिकले वडामा बसाइँसराइको प्रमाणपत्र ल्याएर भत्ता बुझ्दै आउनुभएको छ । "यसअघि वृद्धाश्रममा बस्दै आएका ११ ज्येष्ठ नागरिकलाई भत्ता वितरण गरेका थियौँ", शाखा प्रमुख न्यौपानेले भन्नुभयो ।

# हेमजामा मादल बजाउने तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

महिला सञ्जाल पोखरा २५ को आयोजना तथा वडा कार्यालयको आर्थिक सहयोगमा १० दिने मादल बजाउने तालिम सोमबार पोखरा २५ हेमजामा सुरु भएको छ ।

पोखरा महानगरपालिकाका प्रवक्ता एवं वडा न. २५ का अध्यक्ष मोतीलाल तिमिल्सिनाले महिला सञ्जालले राम्रो काम गरेकोमा प्रसंसा गर्दै आगामी दिनमा पनि निरन्तरताको अपेक्षा गर्नु भयो । मादलले गाउँ घर बिउझाउने गरेको उल्लेख गर्दै मादल जनुसुकै बाजामा पनि चाहिने बताउनुभयो । कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवं वडा न. २५ का सदस्य धन कुमारी पोखरेल तिमिल्सिना, नेकपा एमाले पोखरा २५ का अध्यक्ष ऋषिराम पौडेल, सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा २५ का अध्यक्ष दानबहादुर भुजेल र महिला सञ्जाल पोखरा २५ हेमजाका निवर्तमान अध्यक्ष रमा त्रिपाठी लगाएतले बोल्नु भएको थियो । प्रशिक्षक सम्बर बहादुर गायकले दिनुभएको तालिममा हेमजामा रहेका आमा समुहका प्रतिनिधिको सहभागीता रहने छ । महिला सञ्जालका अध्यक्ष अप्सरा तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष रिता त्रिपाठीले र सञ्चालन सचिव उमा भुर्तेल पौडेलले गर्नु भएको थियो ।

# नेकपा एसले तनहुँमा पार्टी जागरण अभियान चलाउने

**पोखरापत्र संवाददाता**
दमौली, १५ फागुन


नेकपा (एकीकृत समाजवादी) तनहुँले दुईमहिने पार्टी जागरण अभियान चलाउने निर्णय गरेको छ। सो पार्टीको सोमबार दमौलीमा सम्पन्न दशौं पूर्ण बैठकले आगामी चैतदेखि दुई महिना पार्टी जागरण अभियान चलाउने निर्णय गरेको हो । पार्टीका कार्यकर्तालाई सङ्गठित गर्दै पार्टीलाई बलियो बनाउन जागरण अभियान चलाउने निर्णय भएको प्रचार विभाग प्रमुख गजिन्द्रराज पन्थले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जागरण अभियानका क्रममा जिल्लाका ८५ वटै वडामा पुगेर विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । यसले पार्टीलाई चलायमान र पार्टी कार्यकर्तालाई एकढिक्का बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।"

बैठकमा पार्टीका स्थायी कमिटी सदस्य तुलबहादुर गुरुङले देशको वर्तमान राजनीतिक अवस्था र पार्टीको सिद्धान्तका बारेमा प्रष्ट पार्नुभएको थियो । वर्तमान गठबन्धनलाई बलियो बनाउँदै सरकारका गतिविधिलाई जनउत्तरदायी बनाउन पार्टीले केन्द्रमा भूमिका खेलिरहेको उहाँको भनाइ थियो । पार्टीका गण्डकी प्रदेश कमिटीका अध्यक्ष श्रीनाथ बराल, केन्द्रीय लेखा आयोगका उपाध्यक्ष तथा तनहुँ इन्चार्ज विद्यानाथ ढकाल, केन्द्रीय सदस्य कलिला खानले अहिलेको गठबन्धनलाई बलियो बनाएर लैजानुको विकल्प नभएको चर्चा गर्नुभयो ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# समाज परिवर्तनमा युवाको भूमिका

युवा नै देश विकासका मुल आधार हुन् । युवा दिनप्रतिदिन परिवर्तन भइरहेका हुन्छन् । युवा परिवर्तन भएर हरेक क्षणमा नयाँ कुराहरु आर्कषण भइरहेको पाइन्छ । युवामा समाज र देशको लागि केही न कही गर्ने चाहनामा भौतारिएको हुन्छ । युवाको विश्वव्यापी रूपमा एउटै परिभाषा नभए सामान्य तया युवा अवस्थालाई बाल्यकाल सकिएर वयस्क नहोउन्जेलको उमेरलाई नेपालमा युवा भनेर बुझ्ने गरिन्छ। युवाको विषयमा विभिन्न देशले आ-आफ्नै तरिकाले व्याख्या गरेका छन् । नेपाल सरकारको युवा नीति २०७२ मा भने १६ देखि ४० वर्ष समूहकालाई युवा भनेर उल्लेख गरिएको छ। नेपाल सरकारको युवा नीतिले युवालाई राष्ट्रको शक्ति, अमूल्य सम्पत्ति, अग्रगामी परिवर्तनका वाहकहरु भनेर व्याख्या गरेको छ।

चौतर्फी रुपमा भइरहेको युवासम्बन्धी वहसलाई ध्यानमा राखी यस लेखमार्फत् युवाले समाजको राजनैतिक, आर्थिक, सामाजिक र शैक्षिक विकास प्रक्रियामा कस्तो भूमिका खेल्न सक्छन् भन्ने विषयमा वडा वडामा चर्चा हुन थालेको छ। समाजको विकास एक निरन्तर चलिरहने प्रक्रिया हो। तर प्रक्रियामा युवाको साथले विकास निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहज भएको छ। वास्तविक परिवर्तनका लागि समुदायका सबै तहका वर्ग र समूहको सहभागिताको आवश्यकता पर्दछ । त्यसमध्ये पनि माथि उल्लेख गरिएझैँ सबैभन्दा परिवर्तनको समयमा युवावर्गको सहभागिता अत्यन्तै महत्वपूर्ण देखिदैं आएको छ।

युवाहरु शारीरिक हिसाबले मात्र सवल नभएर उनीहरुमा सकारात्मक सौंच हुने, श्रृजनात्मक कार्यमा लाग्ने क्षमता हुने र उनीहरुसँग समाज बदल्ने अठोट हुने हुँदा उनीहरुको सहभागिता जरुरी छ । सबैभन्दा पहिले युवाको भूमिका राजनीतिमा के हुनसक्छ र अहिलेसम्म घटित घटना र उदाहरणको चर्चा गरौँ । युवाहरुको वलिदानीकै कारण २०६३ सालको आन्दोलन सफल भई नेपालमा गणतन्त्र स्थापना हुन सकेको हो । हिजोआज त चियापसलदेखि संसदसम्ममा हुने वहसमा राष्ट्र निर्माणमा युवाहरुको भूमिकाले स्थान पाएको देखीन्छ। पत्रपत्रिकामा पनि यस विषयमाथि पर्याप्त टिकाटिप्पणी हुन थालेको सुनिन्छ । यसले समाज अनि सिंगो देशको परिवर्तनको लागि निर्णायक भूमिका खेल्ने राजनीतिक प्रक्रियामा युवाको भूमिका हिजो देखी आज सम्म उतिकै जोश जाँगर छ। हाम्रो जस्तो विकाशोन्मुख देशमा विकास भन्ने वित्तिकै युवाले टोलदेखि जिल्लासम्म भूमिका हरेक गाउँ टोलमा देख्न पाइन्छ। समाजमा सञ्चालन हुने सानातिना विकास निर्माणका कामदेखि पालिका तहमा कार्यक्रम बनाउन, नीति निर्माणका लागि सरकारलाई दबाब दिने काममासमेत युवाको भूमिका देख्न सकिन्छ। वर्तमान अवस्थामा युवाले समुदाय विकासमा स्थानीय सरकारसँगको सहकार्य सँगै कुनै सामाजिक कार्य संचालनमा समेत सहयोग गरेको पाइन्छ। नेपालका युवाहरु विश्वबजारलाइ ढाकेको अवस्था छ। आफ्नो मुलुकमा रोजगारीको अभावका कारण यहाँका युवाहरु धेरै जसो समस्या र पीडा सहँदै विभिन्न मुलुकमा कार्यको लागि टाँसीएका छन्। कोभिड-१९ का कारण विश्वका विभिन्न मुलुकबाट फर्की नेपालमा कृषि, पशुपालनतर्फ प्रगति भएको देखीन्छ।

यसले नेपालबाट शिक्षाकै लागि अरवौं रुपैया हरेक वर्ष बाहिरिएको छ । विदेशीएका मध्ये केही युवाहरु आफ्नै देश फर्की त्यहाँ हाँसिल गरेका शिक्षा र सीपको उपयोग गर्दै आफ्नै खुट्टामा उभिएर अगाडि बढेको पाइन्छ। यस्ता युवालाई नेपाल फर्कने माहोल बनाई दक्ष युवाबाट त्यहाँ सिकेका कुरा नेपालमा पनि लागू गरी यहाँको विकासमा गहन भुमिका हुने छ। देशको प्राविधिक विकासमा युवाहरुको योगदान सबैभन्दा बढी छ । अन्य देशको तुलनामा नेपालमा प्राविधिक विकास ढिलो शुरू भए तापनि पछिल्लो १५ वर्षयता मुलुकमा प्रविधिको विकासले ठूलो फड्को मारेको देखिन्छ । त्यसैले राज्यमा भएका तीनै तहले युवा कुन क्षेत्रमा रुची देखीएको छ। राज्यले युवाको रुची पहिचान गरी एक घर एक युवा रोजगारको सृजना गरी युवालाई विदेशीन रोक्न सकेमा समाज परिवर्तनमा ठुलो भूमिका हुनेमा दुइ मत छैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वस्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# नेपाल नामिबियासँग पराजित

**रासस**
काठमाडौं, १५ फागुन

त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी २० शृङ्खलाको पहिलो खेलमा नेपाल नामिबियासँग २० रनले पराजित भएको छ।

जितका लागि नामिबियाले प्रस्तुत गरेको दुई सय सात रनको लक्ष्य पच्छाउनेक्रममा नेपाल १८ दशमलव पाँच ओभरमा सबवै विकेट गुमाउदै एक सय ८६ रनमा समेटियो । सुरुआती ब्याटिङ कमजोर रहेको नेपालले मध्यक्रममा भने केही सम्हालिएर ब्याटिङ गरे पनि जित निकाल्न भने सकेन।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले ३२ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ४८ रन बनाए । त्यसैगरी कप्तान रोहितकुमार पौडेलले ४२ रन बनाए। उनले तीन चौका र तीन छक्का प्रहार गरे। तेस्रो विकेटका लागि कप्तान पौडेल र कुशल मल्लले २८ बलमा ५७ रनको उत्कृष्ट साझेदारी गरेका थिए । मल्लले ३२ रन बनाए। त्यस्तै गुलशन झाले १२ रन बनाए भने आसिफ शेख र विवेक यादवले समानले छ/छ रन जोडे । सन्दीप जोराले पाँच रन बनाए। नामिबियाका रुबेन ट्रम्पलम्यानले चार विकेट लिए भने बर्नार्ड स्कोलज, निकोल लोपफटी इटन र जान फ्रिलिङकले समान दुई/दुई विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा अहिले भइरहेको खेलमा टस जितेर पहिले ब्याटिङ राजेको नामिबियाले निर्धारित २० ओभरमा चार विकेट गुमाउदै दुई सय ६ रनको योगफल बनाएको थियो । नामिबियाका लागि जान निकोल लेफिट इटनले उत्कृष्ट ब्याटिङ गर्दै शतक प्रहार गरे । उनले ३६ बलमा ११ चौका र आठ छक्काको मद्धतमा सर्वाधिक एक सय एक रनको योगदान दिए।

इटनले नेपालका कुशल मल्लको नाममा रहेको कीर्तिमानी पनि तोडेका छन् । उनले ३३ बलमै शतक पूरा गरे। यसअघि मल्लले सन् २०२३ मा भएको १९औँ एसियाली खेलकुद प्रतियोगितामा मङ्गोलियाविरुद्धको खेलमा ३४ बलमा शतक प्रहार गर्दै कीर्तिमानी कायम गरेका थिए।

त्यसैगरी मलना क्रुगरले ४८ बलमा छ चौका र दुई छक्काको मद्धतमा अविजित ५९ रन बनाए । त्यस्तै माइकल भान लिङ्गेनले २० रन बनाउदा जेपी कोट्जेले ११ रन तथा कप्तान जेजे स्मितले अविजित एक रन जोडे । बलिङतर्फ नेपालका कप्तान रोहित पौडेलले दुई विकेट लिए भने करण केसी र अभिनास बोहोराले समान एक/एक विकेट लिए। जारी प्रतियोगितामा भोलि नेपाल र नेदरल्यान्डबीच विहान ११:३० बजे प्रतिस्पर्धा हुनेछ।

# संस्कृति र परम्परागत प्रविधिको जगेर्ना गर्दै मनाइयो बालोदयको वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



पोखरा-१७, बिरौटास्थित बालोदय माध्यमिक विद्यालयको ३६ औं वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम फागुन १० र ११ गते दुइ दिवसीय रुपमा सम्पन्न भयो।

समारोह उद्घाटन गर्दै राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेशका निर्देशक लक्ष्मण देवकोटाले गुणस्तरीय तथा समयसापेक्ष शिक्षामा जोड दिँदै पोखराको शैक्षिक क्षेत्रमा बालोदयको भूमिका महत्त्वपूर्ण रहँदै आएको स्मरण गरे। उनले पछिल्लो समय विद्यालयले संख्यात्मक वृद्धीका साथसाथै गुणस्तरलाई पनि ध्यान दिदै गएको जनाए। समापन समारोहमा गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. गणेशमान गुरुङले शिक्षाको महत्त्व दिनप्रतिदिन बढ्दै गइरहेको जनाउँदै यस विद्यालयका विद्यार्थीको प्रतिभा अनुकरणीय रहेको औंल्याए । उनले संस्कृति र परम्परागत सीप जगेर्ना गर्ने क्रियाकलाप सञ्चालन गरेकोमा विद्यालयको प्रशंसा गर्दै आगामी दिनमा पनि यस्तै गतिविधिलाई निरन्तरता दिन सल्लाह दिए । शिक्षा समन्वय इकाइ कास्की प्रमुख लोकनाथ आचार्य, हिसान केन्द्रीय उपाध्यक्ष बाबुराम पन्त, हिसान कास्की अध्यक्ष यामबहादुर रोका, प्याब्सन कास्की अध्यक्ष मथुराप्रसाद पौडेल, वडा सदस्य विक्रम गुरुङ, अभिभावकद्वय विष्णुप्रसाद शर्मा र सञ्जीव सुवेदीलगायतले पनि धारणा राखे। कार्यक्रमका बीच विद्यार्थीहरूले सामूहिक नृत्य, लोकनृत्य, सचतेनामूलक नाटक, परम्परागत रत्यौली, भजन, कराते सिप प्रदर्शन, एबाकस सीप प्रदर्शन एवम् बालगीत लगायतका प्रस्तुति राखे । सो कार्यक्रममा विद्यार्थीहरुले तयार पारेका विभिन्न विषयसंग सम्बन्धित सामग्रीहरु तथा चित्रकलाहरुको प्रदर्शनी संगसंगै परम्परागत सीप र प्रविधीको समेत प्रदर्शनी गरियो।

त्यस्तै गत वर्ष र यस वर्ष विद्यालय बाहिरका प्रतियोगितामा सहभागी भई पुरस्कार जित्न सफल विद्यार्थीहरुलाई उत्कृष्ट विद्यार्थी पुरस्कारले सम्मान गरि नुका साथै विद्यालयमा १० वर्ष वा सो भन्दा बढी सेवा गरेका ८ जना शिक्षकहरू तथा संस्थापकद्वय प्रबन्ध निर्देशक दुर्गादत्त पगेनी र विद्यालय व्यवस्थापन समिति अध्यक्ष्ँ कमलादेवी पगेनीलाई सम्मान गरियो । संस्थापक निर्देशक दुर्गादत्त पंगेनीले शिक्षाजस्तो महत्त्वपूर्ण क्षेत्रमा लगानी गर्दा आत्मसन्तुष्टि हुने गरको अनुभव राख्दै अब किताब नभई जीवन पढाउनुपर्ने अवस्था सिर्जना भएको औंल्याए। प्राचार्य टेकनाथ पौडेलले विद्यार्थीलाई पढाउने नभई सिकाउने हो भन्ने पक्षमा विद्यालय सचेत रहेको सुनाए। उनले समयसमयमा शिक्षक तथा अभिभावकबीच अन्तर्क्रिया गरी सिकाइलाई थप प्रभावकारी बनाउन प्रयास भइरहेको स्पष्ट पारे । विद्यालय व्यवस्थापन समिति अध्यक्ष कमलादेवी पंगेनीको अध्यक्षतामा भएको सो कार्यक्रमको संचालन सहप्राचार्य रामप्रसाद तिवारी, व्यवस्थापक गुप्तबहादुर क्षेत्री, आइसिटी इन्चार्ज रघु ज्ञवाली, नेपाली विभाग प्रमुख टंकप्रसाद पौडेल तथा शिक्षक शर्मिला केसीले गरेका थिए।

# गण्डकीले टुक्रे योजना फिर्ता पठायो

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले सङ्घीय सरकारले पठाएका टुक्रे योजना फिर्ता गरेको छ।

सङ्घीय सरकारले शसर्त शीर्षकमा प्रदेशमा पठाएका टुक्रे प्रकृतिका योजना फिर्ता गरेर त्यहाँको बजेट दायित्व सिर्जना भइसकेका ठूला प्रकृतिका आयोजनाका लागि व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाएको हो । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले सङ्घीयले पठाएको टुक्रे योजनाको बजेट सङ्घीय शसर्तका दायित्व सिर्जना भएका योजनामा रकमान्तरण गरिएको जानकारी दिनुभयो।

"प्रदेश सरकारले रु ३० लाखभन्दा कम बजेटका योजनामा लगानी नगर्ने नीति लिएको अवस्थामा सङ्घीय सरकारले रु चार/पाँच लाख बजेटका योजना पठाउँदा समस्या भएको थियो", उहाँले भन्नुभयो, "सङ्घीय शसर्तका टुक्रे योजनाको बजेट रकमान्तरण गरेर सङ्घीताकै दायित्व सिर्जना भएका आयोजनामा खर्च गर्न लागिएको हो।"

सङ्घीय सरकारले गण्डकीको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई चालु आर्थिक वर्षमा रु ३० लाखभन्दा कम बजेटका एक सय ७४ वटा योजनाका लागि रु १६ करोड २५ लाख विनियोजन गरेको थियो । सो बजेट दायित्व सिर्जना भएका सङ्घीय शसर्तका आठ वटा सडक योजनामा रकमान्तरण गरिएको मन्त्रालयले जनाएको छ । यी आयोजनाका लागि चालु आर्थिक वर्षमा रु एक करोड १५ लाख मात्र बजेट विनियोजन भएको थियो।

# सोलेडाँडामा थपिँदै पर्यटन पूर्वाधार

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ फागुन

बागलुङ र म्याग्दी जिल्लाको सिमाना रहेको सोलेडाँडामा तमानखोला गाउँपालिका र गण्डकी प्रदेश सरकारले पर्यटन पूर्वाधार निर्माण गर्न थालेका छन्।

गाउँपालिकाले छ वर्षदेखि नै सहिदपार्क, शौचालय, खानेपानी व्यवस्थापन, पिकनिक स्पट लगायतका संरचना बनाउँदै आएको थियो भने प्रदेश सरकारले यसवर्ष रु १० लाख विनियोजन गरेर पर्यटकका लागि सत्तल निर्माण गर्न थालेको छ । समुद्री सतहदेखि दुई हजार ६३० मिटरको उचाइमा अवस्थित सोलेडाँडा प्राकृतिक सौन्दर्य भरि पूर्ण छ । गाउँपालिकाले संरचना निर्माणसँग प्रचारप्रसारलाई जोड दिएपछि आन्तरिक पर्यटकसमेत बढ्न थालेका छन्।

गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलायले विनियोजन गरेको बजेट उद्योग तथा पर्यटन कार्यालय बागलुङमार्फत् कार्यान्वयमा आएको छ । रु दश लाखले सत्तल बनाउनका लागि उपभोक्ता समितिसँग सम्झौता भएर काम अगाडि बढेको उद्योग तथा पर्यटन कार्यालय बागलुङका नायब सुब्बा नारायण रिजालले जानकारी दिनुभयो।

आगामी वैशाखसम्म सक्ने गरी काम भइरहेको उहाँको भनाइ छ । रिजालले सोलेडाँडामा पुग्ने पर्यटकलाई विश्रामका लागि सत्तल निर्माण गर्न थालिएको बताउनुभयो। उहाँले भन्नुभयो - "पालिकामै पुगेर पुस महिना महिनाको २५ गते सम्झौता गरेका थियौँ, अहिले धमाधम काम भइरहेको छ, निर्माण समितिले वैशाखमा सक्ने गरी काम गरेको छ, सत्तल मौलिकता बोकेको हुनेछ, स्थानीय काठ, ढुङ्गाको प्रयोग गरेर निर्माण हुने छ, जसले पानी, झरी पर्दा, हावाहुरी चल्दा बाहिरबाट घुम्न आएका पर्यटकलाई ओत लाग्नका लागि सहज हुने छ, अहिले सामान्य छाप्रा छन्, त्यहीँ पर्यटकले विश्राम गर्दै आएका रहेछन्।"

हिमशृङ्खला र सूर्योदय/सूर्यास्त अवलोकनका लागि उपयुक्त मानिने सोलेडाँडा बाह्रै महिना पर्यटकको रोजाईमा पर्ने गरेको छ। वनभोज, रात्रि 'क्याम्प' र पदयात्राका लागिसमेत मानिस सोलेडाँडा पुग्छन्। यहाँबाट देखिने हिमशृङ्खला र दर्जनौं प्राकृतिक मनोरम दृश्यले धेरैलाई लोभ्याउने गर्छ । उच्च पहाडी क्षेत्रमा रहेको यसडाँडामा शान्त वातावरण, स्वच्छ हावापानीसँगै जीवजन्तुको चिरवीर आवाजले मन मस्तिष्कलाई आनन्दित बनाउँछ। गाउँपालिकाले अघिल्लो वर्ष सहिदपार्क निर्माण गरेर सालिक राखेको छ। नेपालका प्रथम सहिद लखन थापा, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दसहित सशस्त्रद्वन्द्वका बेला तमानोलाका विभिन्न गाउँबाट ज्यान गुमाएका स्थानीयवासी दुर्गाबहादुर बुढा, प्रेम घर्तीमगर, ओमकार बुढा र गङ्गाबहादुर पुनको सालिक राखेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो । यसवर्ष त्यस डाँडाको पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाले पनि रु पाँच लाख विनियोजन गरेको उहाँको भनाइ छ।

उक्त रकमले सहिद पार्कभित्र पदमार्ग निर्माण गर्ने बताउनुभयो । टायल लगाएर व्यवस्थित पदमार्ग निर्माण गरेपछि बाहिरबाट आउने पर्यटकले सहिदपार्कमा सहज रूपमा घुम्न सक्ने अध्यक्ष बुढामगरको भनाइ छ । गाउँपालिकाले हालसम्म करिब रु ३० लाख बढीको संरचना निर्माण गरेको उहाँले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ चुरुङ्गामा चुरङ्गा सामुदायिक सौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः चुरङ्गा सामुदायिक सौचालय निर्माण
ठेगानाः पोखरा-१९, चुरुङ्गा
योजना सम्झौता मितिः २०८०/०९/१३ गते
योजना शुरु मितिः २०८०/०९/१६ गते
योजना सम्पन्न हुने मितिः २०८०/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/११/१५ गते
योजनाको कुल लागतः रु. ६,६७,६८०|५३
महानगरपालिकाबाटः रु. ६,००,०००|-
जनसहभागिताबाटः रु.६७,६८०|५३
अध्यक्षः खेमराज गौतम सम्पर्क नं.: ९८४६२०६६०६
सचिवः कृष्ण प्रसाद गौतम, कोषाध्यक्षः राधिका भूजेल

**चुरङ्गा सामुदायिक भवन सौचालय निर्माण उपभोक्ता समिति पोखरा-१९, चुरुङ्गा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ पुरनकुना अधुरोबाटोनिर्माण तथा विस्तार योजना गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पुरनकुना अधुरोबाटो निर्माण तथा विस्तार योजना
ठेगानाः पोखरा-२७
योजना सम्झौता मितिः २०८०/०९/१८ गते
योजना शुरु मितिः २०८०/०९/२० गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/११/१५ गते
योजनाको कुल लागतः रु. २३,५५,७७४|१५
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.३,५५,७७४|१५
अध्यक्षः हिम बहादुर ढकाल सम्पर्क नं.: ९८६४८९७९५५
सचिवः नवराज लामिछाने, कोषाध्यक्षः शुशिला क्षेत्री
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**पुरनकुना अधुरोबाटो निर्माण तथा विस्तार योजना उपभोक्ता समिति पोखरा-२७**

# म्याग्दीमा 'आइसिटी फर फ्राइडे' कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ रिमामा रहेको आदर्श माध्यमिक विद्यालयले शुक्रबारको पठनपाठनमा किताबरहित बनाउने तयारी गरेको छ । विद्यालयले विद्युतीय माध्यमबाट पठनपाठनका लागि सूचना र सञ्चार प्रविधिको प्रयोग गर्न 'आइसिटी फर फ्राइडे' कार्यक्रम सञ्चालन गर्न रु १० लाख बढी सहयोग जुटाएको छ ।

ग्रामीण भेगमा रहेको यस विद्यालयका विद्यार्थीलाई आधुनिक शिक्षण सिकाइ क्रियाकलापमार्फत पठनपाठन गराउनेगरी आगामी वैशाखदेखि हरेक साताको शुक्रबार विद्यार्थीलाई विद्यालयमा पाठ्यपुस्तकरहित 'आइसिटी फर फ्राइडे' सञ्चालन गरिने विद्यालयका प्रधानाध्यापक कुमार गर्बुजा पुनले जानकारी दिनुभयो ।

विद्यालयले केही महिनायता उक्त कार्यक्रमका लागि सञ्चालन गरेको आर्थिक सङ्कलन अभियानमा अहिलेसम्म रु १० लाख ५७ हजार सहयोग सङ्कलन भएको प्रअ पुनले बताउनुभयो । उहाँका अनुसार यस अभियानमा स्थानीयवासी, भूपूविद्यार्थी, सहयोगदाता, चन्दादातामार्फत सहयोग जुट्ने क्रम जारी छ । अहिलेसम्म यस अभियानमा एक सय ३० जनाले सहयोग गरेका छन् । विद्यालयको ६८औँ वार्षिकोत्सवकाअवसरमाविद्यालयले सहयोगदातालाई सम्मान गरेको छ । कार्यक्रममा विद्यालयका सहयोगदातासँगै पूर्वव्यवस्थापन समितिका अध्यक्ष, पूर्वप्रअ, अक्षयकोषदाता लगायतलाई सम्मान गरिएको छ । विद्यालयले सहयोगदातामार्फत जुटेको रकमबाट 'आइसिटी कोष' बनाउने र त्यसैमार्फत सूचना तथा सञ्चार प्रविधिका सामग्रीको बन्दोबस्त गर्ने तयारी गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलबहादुर गर्बुजाले जानकारी दिनुभयो ।

"हामीले शुक्रबार विद्यार्थीले भोलामा किताब बोकेर विद्यालयमा आउन नपरोस् भनेका छौँ, मोबाइललाई शिक्षण सिकाइ उपयोगमा ल्याउन सकियो भने पनि यसले धेरै सहयोग पुग्छ, आधुनिक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने हाम्रो प्रमुख लक्ष्य रहेको छ", उहाँले भन्नुभयो । मोबाइललाई गलत प्रयोग गर्ने प्रचलनलाई हटाएर बालबालिकाको शिक्षण सिकाइ उपयोगमा ल्याउने विद्यालयले जनाएको छ । विद्यालयका सबै कक्षाकोठामा इन्टरनेटको पहुँच पुर्‍याउँदै मोबाइल, ल्यापटप, कम्प्युटर, प्रोजेक्टरलगायतको प्रविधिबाट साताको शुक्रबार अनिवार्यरूपमा पठनपाठन गराउने विद्यालयको तयारी छ । कुल ५६ जना विद्यार्थी अध्ययनरत विद्यालयले विसं २०७७ बाट कक्षा ६ देखि १० सम्म कम्प्युटर विषयमा पठनपाठन गराउँदै आएको छ । विद्यालयको यस अभियानमा अन्नपूर्ण गाउँपालिकाले आगामी आर्थिक वर्षमा रु पाँच लाख २० हजार बजेट उपलब्ध गराउने अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

समुदाय आफैँले विद्युतीय माध्यमबाट पठनपाठन गराउने अभियानमा सहयोग जुटाइरहेकाले गाउँपालिकाले समेत प्रविधिको व्यवस्थापनमा सहयोग गर्ने अध्यक्ष पुनले बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाले आगामी आवदेखि गाउँपालिकाभित्रका १० वटा माध्यमिक विद्यालयमा 'टेलीटिचिङ'लाई प्रयोगमा ल्याउने भएको छ । माध्यमिक विद्यालयमा रहेको शिक्षक अभावलाई हटाउन सबै माविहरूमा पठनपाठन गराउन विषय र समयतालिकामा एकरुपता ल्याउने र प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराउने गाउँपालिकाको तयारी छ ।



कौरा नृत्य प्रस्तुत : नेपाल मगर संघ जिल्ला समन्वय समिति कास्कीद्वारा आयोजित ४२ औँ मगर दिवसका अवसरमा मंगलबार पोखरामा निकालिएको ऱ्यालीमा कौरा नृत्य प्रस्तुत गर्दिँदै । तस्बिरः धनबहादुर गुरुङ/रासस

# महायज्ञमा बहस– 'जल सम्पदा जोगाउन अहिल्यैदेखि लागौँ'

**तारानाथ आचार्य**
बलेवा, १५ फागुन/रासस

पञ्चकोटबाट उत्तर फर्किँदा धौलागिरि र यसको काख आसपासका हिमालमा काला धब्बा देखिन्छन् । माछापुच्छ्रे हिमालले केही वर्ष पहिलाजस्तो अहिले मुस्कान दिन छोडेको छ । घामसँगै टल्किने हिमाल अहिले मधुरो छ ।

बिहान सबेरै उठेर हेर्दा सुनौला देखिने हिमालको चमक अहिले हराएजस्तो छ । कताकता कालो देखिन्छ माछापुच्छ्रे । उता हिमालको छायाँ उज्यालो छैन भने यता मानव बस्ती पनि सफा अनि स्वस्थ छैनन् । घरबस्ती वरपर बुङ्ग उडेको धुलोले बाटोसमेत देखिँदैन । बस्तीका धुरीमा बसेको धुलोले चम्किलो होइन, कैलो बनाउँदैछ बस्ती । वायु प्रदूषणको अवस्था उस्तै छ । चिसो र गर्मी मौसम पहिलेजस्तो सौहार्द छैन ।

चिसोमा खप्नै नसक्ने चिसो छभने गर्मीयाम अस्वाभाविक छ । जल, जलचर र जनावर ठाउँ र मौसमअनुसार रमाउन छोडिसके । यहाँसम्मकी हिमाली भेगतिरै छ्याप्छ्याप्ती पाइन थाले लामखुट्टे । हिमाली जन्तु हिमालमा कमै मात्र पाइन्छन् । सायद यी सबै कारणको असर हुनसक्छ पानीका मुहान सुक्न थालेका छन् अनि स्थानीय र अर्ग्यानिक बीउ र फसल पाइन छोडेका छन् ।

बागलुङको सर्वसिद्धि धाम पञ्चकोटमा आयोजित अनन्तश्री ब्रह्माण्डीय महायज्ञको सातौँ दिन सोमबार यस्तै विषयमा चर्चा भयो । यही फागुन ९ देखि सुरु भई २३ गतेसम्म सञ्चालन हुने सो महायज्ञमा हरेक दिन नयाँ नयाँ विषयमा राष्ट्रिय बहस हुने गरेको छ । सोमबार यहाँ आयोजित राष्ट्रिय सुरक्षा प्रणाली र न्यायिक पद्धतिको कार्यान्वयन सम्मेलनमा सहभागी वक्ताहरूले यी र यस्तै विषयमा चिन्ता व्यक्त गरे ।

सो महायज्ञको उद्देश्य जल सम्पदाको संरक्षणका लागि विश्वमा यसको सन्देश दिन निर्माण गर्न लागिएको विश्वशान्ति कलशको पूर्णता पनि एक हो । विश्वमा जलसम्पदाको अभाव हुँदै गएको अहिलेको अवस्था भोलिसम्म यस्तै रह्यो भने यो पृथ्वीका चराचर जगत्को अवस्था कस्तो रहला भन्ने विषयमा यहाँ बहस भइरहेको छ ।

सर्वसिद्धिधाम पञ्चकोटका संस्थापक मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले सुरु गर्नुभएको सो अभियानअन्तर्गत पञ्चकोटमा दुई हजार पाँच सय मानिस अट्नसक्ने एक सय आठ फिट अग्लो कलश निर्माण गर्न लागिएको हो । यस महायज्ञका परिकल्पनाकार स्वामी कमलनयनाचार्य भन्नुहुन्छ, "हाम्रो मातृभूमि जल, जङ्गल र वनौषधिका लागि विश्वकै धनी हो । यही देवदेशले नै जलसम्पदा संरक्षणको सन्देश विश्वमै दिनुपर्दछ भन्ने हाम्रो मान्यता पनि हो । त्यसैले जल संरक्षणको प्रतीकस्वरुप पञ्चकोटमा निर्माणाधीन विश्वशान्ति गण्डकी कलशको निर्माणलाई पूर्णता दिनु हाम्रो कर्तव्य हुन आउँछ ।"

उहाँ भन्नुहुन्छ "मानवीय कारणले नै अहिले विश्वमा धेरै सङ्कट देखिँदै गएको छ । जलवायु परिवर्तन यस्तै एउटा नयाँ सङ्कटको स्वरुप हो र यसले नै विश्वमा निकट भविष्यमै पानीको सङ्कट निम्त्याउने छ । जल नै नरहे यो चराचर जगत् कसरी चल्छ ? यस विषयमा यो पुस्तालाई अहिल्यैदेखि सचेत, सजग र जानकार गराउनु जरुरी छ । यस महायज्ञका उद्देश्यहरूमध्ये पञ्चकोटबाट जल सम्पदा संरक्षणको सन्देश दिनु पनि एक हो । यसका लागि विश्वशान्ति गण्डकी कलशको पूर्णता आवश्यक छ ।"

सोमबारको कार्यक्रममा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले वायु प्रदूषणका कारण पानीको अभाव हुँदै गएकाले अबको विश्वयुद्ध पानीको अभावकै कारणले हुनसक्ने चिन्ता व्यक्त गर्नुभयो । उहाँले अहिले विश्व जलवायुको ठूलो सङ्कटमा रहेको र अहिले विश्वको जलवायु पनि बिग्रिँदो अवस्थामा रहेको बताउनुभयो । "हिमालमा हिउँ रहेनभने हिमाल, हिमाल रहँदैन पहाड मात्र रहन्छ," उहाँले भन्नुभयो, "हिमाली जडीबुटी र हिमालमा रहने जलचल र स्थलचल घटेर जान्छ । जुन प्रणाली हुन्थ्यो त्यो हुँदैन । यसको परिणाम जलको आपूर्ति घटेर जान्छ । मानवका लागि नभई नहुने पानी हो । त्यसैले अबको विश्वयुद्ध सायद पानीका कारण हुनसक्छ किनभने अहिले नै विश्वमा पानीको अभाव भइसक्यो ।" उहाँले आफूले एक दशकअगाडि बैङ्ककमा भएको न्यायसम्बन्धी कार्यक्रममा अन्य देशका कारणले वायुप्रदूषण बढिरहेको र नेपालको हिमालमा त्यसको असर देखापरेको भनाइ राखेको स्मरण गर्नुभयो । "अहिले हिमालमा हिउँ पग्लिएको छ । हिमाल कालो हुँदैछ । यो सब हामी नेपालीले गर्दा होइन तर परिणाम भने हामीले नै भोग्नुपरेको छ । हिउँ कालो हुँदा हाम्रो जीवन, मानवीय अस्तित्व र मानव सभ्यतामा नै असर पर्छ," उहाँले भन्नुभयो, "यसको अन्तर्राष्ट्रिय जवाफदेहितासम्बन्धी संहिता निर्माण हुनुपर्छ जसले हामीलाई जवाफ दिनुपर्छ । मैले बैङ्ककमा एक दशकअगाडि नै न्यायसम्बन्धी कार्यक्रममा यो प्रश्न उठाएको थिएँ । यसको सान्दर्भिकता अहिले झन् बढेर गएको छ ।" मानव सभ्यतालाई नै जोगाउनका लागि जलवायु न्यायको आवश्यकता रहेको उहाँले बताउनुभयो । अब यसका पीडितहरू प्रकृतिका मात्र पीडित नभएर मानवीय कारणले उत्पन्न समस्या भएकाले यसका विरुद्धमा आवाज उठाउन अघि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

वरिष्ठ अधिवक्ता काजीगाउँले श्रेष्ठले राज्यको गठन हुनुपछाडिको मुख्य उद्देश्य नागरिकलाई न्याय प्रदान गर्नु रहेको बताउनुभयो । पूर्वप्रहरी महानिरीक्षक धिरजप्रताप सिंहले सुरक्षा, विकास र न्याय एकआपसमा सम्बन्धित भएको बताउनुभयो । उहाँले न्याय नभएसम्म सुरक्षा र विकास नहुने र कानुनी राज्यमा सबै समान हुँदा सुरक्षा विना विकास नहुने बताउनुभयो । उहाँले कानुनी शासन, विकास र न्यायमा नागरिकको कर्तव्यको साथसाथै अधिकार पनि जोडिन आउने हुँदा दुवैलाई नागरिकले भुल्न नहुने बताउनुभयो ।

सोमबारको सो सत्रको सञ्चालन गर्दै नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले अहिलेको युगमा जलवायु न्याय सबैभन्दा महत्वपूर्ण र संवेदनशील हुँदै गएको धारणा राख्नुभयो ।

# विद्यार्थीले उत्पादन गरेको च्याउ बजारमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ फागुन

प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरू पढाइका अतिरिक्त आम्दानीसँग पनि जोडिएका छन् ।

मङ्गला गाउँपालिका–२ स्थित मङ्गला माध्यमिक विद्यालय र मालिका गाउँपालिका–७ बिममा सञ्चालित किसानी कृषि प्राविधिक शिक्षालयमा बाली विज्ञान विषय अध्ययनरत विद्यार्थीले तरकारी, फलफूल च्याउ उत्पादन गरी बिक्री गरेर आम्दानी गर्न थालेका हुन् ।

मङ्गला माविमा प्राविधिक धार कक्षा (९–१२) मा बाली विज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थी कक्षा कोठाबाहेक खेतबारीमा समेत पुगेर च्याउ उत्पादन गरी बाबियाचौरमा बिक्री गर्दै आएका विद्यालयका प्रधानाध्यापक गमबहादुर खत्रीले जानकारी दिनुभयो । बजारमा विद्यार्थीले उत्पादन गरेको च्याउलाई 'विद्यार्थी च्याउ' पनि भन्ने गरिएको छ । विद्यालयले प्रयोगात्मक अभ्यासका लागि जग्गा भाडामा लिएर च्याउ खेती सुरु गरेका हुन् । सो विद्यालयका प्रधानाध्यापक खत्रीका अनुसार विद्यार्थीले उत्पादन गरेको च्याउ बजारमा प्रतिकेजी रु एक सय २५ मा बिक्री वितरण हुँदै आएको छ । "विद्यार्थीले उत्पादन गरेको च्याउ अहिले बाबियाचौर बजारमै खपत हुने गरेको छ, विद्यार्थीलाई आवश्यक कृषि औजारदेखि बीउबिजन सबै उपलब्ध गराउँछौँ, विद्यार्थीले लगाएको च्याउको बजार खोज्न समेत सघाउँछौँ," प्रअ खत्रीले भन्नुभयो ।

विद्यालयमा आधुनिक कृषि प्रणाली र उत्पादनका बारेमा सिकेको ज्ञान परम्परागत खेती गर्दै आएका अभिभावकलाई समेत सिकाउने गरेको प्रअ खत्रीको भनाइ छ । गत माघदेखि च्याउ उत्पादनमा लागेका विद्यार्थीले फागुनको पहिलो सातादेखि बिक्री गर्न थालेका छन् । बाली विज्ञान अध्ययनरत ४४ जना विद्यार्थीले सामूहिकरूपमा च्याउ खेती गरेका छन् । विद्यार्थीको समय कक्षाकोठा र खेतबारीमा धेरै बित्ने गरेको छ । गाउँमै बाली विज्ञान पढ्न पाएकामा विद्यार्थी खुसी छन् ।

एक महिनामै उत्पादन गरी बजारमा लैजान सकिने र थोरै लगानीमा प्रशस्तै आम्दानी गर्न सकिने भएकाले च्याउ खेतीका लागि समुदायलाई समेत सन्देश प्रवाह गरेको विद्यार्थी दीपेश थापाले बताउनुभयो ।

आइतबारसम्म बारीबाटै १७ केजीभन्दा बढी च्याउ बिक्री गरिएको उहाँको भनाइ छ ।

# पोखरामा नाटक 'रिफन्ड' मञ्चन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

पोखरास्थित गन्धर्व नाटकघरमा कक्षा ११ को अनिवार्य अङ्ग्रेजी विषयमा समावेश नाटक 'रिफन्ड' मञ्चन सुरु गरिएको छ ।

हङ्गेरियन लेखक फ्रिज क्यारेन्थिले सन् १९३८ मा लेखेको यो नाटकलाई नारायण न्यौपानेले नेपालीमा अनुवाद गर्नुभएको हो भने निर्देशन पोखरा थिएटरका अध्यक्ष परिवर्तनले गर्नुभएको छ । पोखरा थिएटरको प्रस्तुतिमा मञ्चन हुने नाटक बुकिङ शोमार्फत फागुन ३० गतेसम्म हेर्न पाइने निर्देशक परिवर्तनले जानकारी दिनुभयो ।

नाटक पहिलो दिन सोमबार गन्धर्व नाटकघरमा दुई शोमार्फत मञ्चन भएको र पहिलो शो पोखरा आदर्श माविका विद्यार्थीलाई देखाइएको थियो । उनीहरूले नाटकमा कलाकारले गरेको अभिनयको प्रशंसा गरे । त्यस्तै दोस्रो शो मार्फत पोखराका विभिन्न विद्यालयमा अध्यापनरत शिक्षक तथा सञ्चारकर्मीलाई देखाइयो । नाटकलाई थप परिमार्जन गर्न र विद्यार्थीलाई नाटक हेर्न उत्प्रेरित गर्ने उद्देश्यले यो शो मार्फत मञ्चन गरिएको थियो । मञ्चनपछि नाटकलाई थप परिपक्व र आकर्षक बनाउन गरिएको अन्तरक्रियामा सहभागीले सम्रग विषयवस्तु नाटक समूहले गरेको मेहनतको खुलेर प्रशंसा गरेका थिए । नाटकले दिएको सन्देश, प्रस्तुति, विषयवस्तु, प्रयोग गरिएका सामग्रीसमेतको बारेमा दर्शकले आ–आफ्नो धारणा राख्दै नाटकलाई थप आकर्षित बनाउनका लागि गर्न सकिने विषयको सुझाव दिएका थिए ।

कक्षा ११ मा अध्ययनरत विद्यार्थीको दृष्टिकोण र अपेक्षालाई आधार मान्दै दर्शकले सुझाव दिएका थिए । विद्यार्थीको लागि उपयुक्त नाटक बनाउनका लागि नै मञ्चन गर्न लागिएको कारण यसरी सुझाव मागेर परिमार्जन गर्न खोजिएको निर्देशक परिवर्तनले बताउनुभयो । प्राप्त केही सुझावलाई सम्बोधन गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । नयाँ पुस्तामाझ नाटकलाई पुऱ्याउन पाठ्यक्रममा समावेश गरिएको विषयवस्तुमा नाटक मञ्चन गर्न थालिएको र त्यसले नयाँ पुस्तालाई नाटकप्रतिको आकर्षण बढाउन सफल भएको उहाँको भनाइ छ ।

यसअघि विद्यार्थीलाई लक्षित गरेर मञ्चन भएका एक चिहान, दुई नाटक, करेसा कर्नट लगायतलाईसमेत विद्यार्थीले रुचाएको उहाँले बताउनुभयो । ४० मिनेट अवधिको नाटकले घोकन्ते शिक्षाभन्दाव्यावहारिकरसीपमूलक शिक्षामा जोड दिएको छ ।

नाटकले हाम्रो शिक्षा प्रणालीबारेमा बहस गर्दै सुधार गर्न सघाउने उहाँले बताउनुभयो । नाटकमा रमेशबाबु तिमल्सिना, धनकाजी श्रेष्ठ, मिलन श्रेष्ठ, रोहित पौडेल, आदित्य सुनार, ज्योति हमाल, सुसन पौडेल, रोशनी रामदामको अभिनय रहेको छ ।

नाटकको प्रकाश संयोजनमा मिलन श्रेष्ठ, ध्वनि संयोजनमा रोहित पौडेल, प्रचारप्रसारमा प्रथम श्रेष्ठ, स्टेज निर्माणमा विकास अधिकारी, बक्स अफिसमा सुभेक्षा शर्मा, डिजाइनमा अनिषा खरेल र बजार व्यस्थापकमा प्रकाश पराजुली रहनुभएको छ । बुकिङ शो मार्फत् बिहान, दिउँसो र साँझमा नाटक मञ्चन हुनेछ । खुल्ला शो मार्फत् भने फागुन २६ देखि ३० सम्म साँझ ५ बजे नाटक हेर्न पाइनेछ । नाटक हेर्न विद्यार्थीका लागि रु दुई सय र अन्यको लागि रु तीन सय र रु पाँच सय शुल्क लाग्ने जनाइएको छ ।

# डुम्रे–बेँसीसहर दुई लेन सडकमा छ किलोमिटर कालोपत्र

**पोखरापत्र संवाददाता**
लमजुङ, १५ फागुन

लमजुङ र तनहुँ जोड्ने मुख्य सडक डुम्रे–बेँसीसहर सडक दुई लेन बनाएर छ दशमलव पाँच किलोमिटर सडक कालोपत्र सम्पन्न भएको छ । तनहुँ डुम्रे बजारबाट दुई सय २० मिटर अघिदेखि आठ दशमलव तीन किलोमिटर चाम्बाससम्म पहिलो चरणमा दुई लेन सडक बनाएको र सोमध्ये हालसम्म उक्त किलोमिटर सडक कालोपत्र सम्पन्न गरिएको डुम्रे–बेँसी–चामे सडक योजना कार्यालय लमजुङका सूचना अधिकारी इन्जिनियर किरण पोखरेलले बताउनुभयो । यहाँ 'अस्फाल्ट' किसिमको कालोपत्र भइरहेको छ ।

हालसम्म पाइप कल्भर्ट, स्ल्याब कल्भर्टको काम, सडक चौडाइ पुऱ्याउन कटिङ गर्ने, टेवा (पर्खाल) उठाउने काम सम्पन्न भएको छ । सो सडकमा च्याम्बास बजारमा रहेको घरनिर र डुम्रे बजारको पुल नजिककैको भागमा नाली बनाउने काम भइरहेको उहाँको भनाइ छ । केही समय कालोपत्रको लागि सामग्री अभाव भएर रोकिए पनि केही दिनअघिदेखि कालोपत्रको काम सुरु भइरहेको र तीव्र रूपमा अघि बढ्ने डुम्रे बेँसीसहर चामे सडक योजना कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार कालोपत्र गर्न बाँकी रहेको अधिकांश भागमा पनि तह मिलाउने कार्य सम्पन्न भएको छ । तनहुँको डुम्रे बजारबाट लमजुङतर्फ निर्माणाधीन यस सडक राजमार्गको मापदण्ड दायाँबायाँ 'राइटअफ वे' सहित १५/१५ मिटरको हुने भएको छ । त्यस्तै, १०/१० मिटरको लगतकट्टा भइसकेको छ । अधिग्रहण गरेकोमध्ये चौडाइ ११ मिटरमा सडक संरचना बनिरहेको उक्त कार्यालयले जनाएको छ । यसअघि तीन दशमलव ७५ मिटरको क्यारिज वे (भारवाहन सडक) रहेकोमा सात मिटरको हुनेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ पोखरामा सरास्वती आ. वि. भवन मर्मत गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सरास्वती आ. वि. भवन मर्मत
ठेगानाः पोखरा–१२
योजना सम्पन्न हुने मितिः २०८०/१२/२९ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/१० गते
योजनाको कुल लागतः रु. ४,००,०००/-
महानगरपालिकाबाटः रु. ४,००,०००/-
अध्यक्षः बल बहादुर कार्की
उपभोक्ता समिति सदस्य संख्याः ७ जना
महिलाः ४ जना पुरुषः ३ जना

**सरास्वती आ. वि. भवन मर्मत उपभोक्ता समिति**
**पोखरा–१२**